प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
# घरेलु तथा साना उद्योग कार्यालय
ओखलढुंगा, कोशी प्रदेश

प.सं. २०८०/८१
च.नं. १८९

मिति:- २०८०/०९/१२

बिषयः- सूचना टाँस गरिदिने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, ओखलढुंगा।
श्री नगरपालिका/गाउँपालिका सबै, ओखलढुंगा ।
श्री ओखलढुंगा उद्योग वाणिज्य संघ, ओखलढुंगा ।
श्री जिल्ला घरेलु तथा साना उद्योग महासंघ, ओखलढुंगा ।

प्रस्तुत बिषयमा यस कार्यालयको आ.व. २०८०/८१ को लागि स्वीकृत कार्यक्रम अन्तर्गत लघु उद्यम, घरेलु तथा साना उद्योगीको लागि प्रविधि (मेशिन तथा उपकरण) सहयोग प्रस्ताव/निवेदन आव्हान सम्बन्धी सूचना पाना -२(दुई) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ । साथै उक्त सूचना टाँस गरी जानकारी पठाई दिनहुन समेत अनुरोध छ ।

२०८०।०९।१२

जितेन्द्र राई
प्रमुख उद्योग अधिकृत
प्रमुख उद्योग अधिकृत

फोन नं.:- ०३७-५२०१०६
इमेल ठेगाना:- csidbokhaldhunga@gmail.com

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुंगा,

## कोशी प्रदेश, ओखलढुंगा

प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालय घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुंगा कोशी प्रदेश, नेपाल

## प्रविधि (मेशिन तथा उपकरण) सहयोग प्रस्ताव/निवेदन आव्हान सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः- २०८०/०९/१२

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रचलित कानून बमोजिम दर्ता भई ओखलढुंगा जिल्ला भित्र सञ्चालन रहेको लघु, घरेलु तथा साना उद्योगका उद्योगीहरुले उद्योग स्थापना/सञ्चालन/क्षमता वृद्धिको लागि आवश्यक पर्ने प्रविधि तपशिल बमोजिमको प्रविधि सहयोग कार्यक्रम अन्तर्गत उद्योगीबाट समेत तोकिएको लागत सहभागिता रहने गरी प्रविधि सहयोग कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन इच्छुक उद्योगीहरुले निवेदन दस्तुर रु. १०० (अक्षेरुपी एक सय मात्र) सहित प्रविधि (मेशिन तथा उपकरण) सहयोग कार्यविधि, २०८० को अनुसूची-२ बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तपशिल बमोजिमका कागजात र विवरण सहित प्रस्ताव/निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

**प्रविधि सहयोग सम्बन्धी कार्यक्रमहरु:**

| क्र. सं. | कार्यक्रमको नाम | सहभागी हुन पाउने समुदाय वा लक्षित समुह वा वर्ग (स्वीकृत वार्षिक कार्यक्रम अनुसार) | कैफियत |
|---|---|---|---|
| १. | कृषिजन्य कच्चा पदार्थमा आधारित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | कृषिजन्य कच्चापदार्थमा आधारित उद्योग | |
| २. | उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम | सबै प्रकारका उद्योग | |
| ३. | परम्परागत उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | परम्परागत ज्ञान, सीप र प्रविधिमा आधारित उद्योग | |
| ४. | दलित समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | दलित समुदायद्वारा संचालित उद्योग | |
| ५. | विपन्न, सिमान्तकृत समुदाय लक्षित उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | विपन्न, सिमान्तकृत समुदायद्वारा संचालित उद्योग भनी सम्बन्धित पालिकाद्वारा सिफारिस भएको उद्योग | |
| ६. | विपन्न समुदायका महिला, एकल महिला उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | विपन्न समुदायका महिला, एकल महिलाहरुद्वारा संचालित उद्योग भनी सम्बन्धित पालिकाद्वारा सिफारिस भएको उद्योग | |
| ७. | बेरोजगार यूवा तथा वैदेशिक रोजगारबाट फर्किएकालाई स्वरोजगारका लागि उद्यम प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण | बेरोजगार यूवा तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिद्वारा संचालित उद्योग | |

प्रविधि माग गर्दा जुन कार्यक्रमबाट आफुले प्रविधि पाउन योग्य हुने हो सोही कार्यक्रमको लागि प्रस्ताव/निवेदन पेश गर्नु पर्नेछ।

प्रमुख उद्योग अधिकृ

फोन नं. ०३७-५२०१०६

email: csidbokhaldhunga@gmail.com

संलग्न गर्नु पर्ने कागजातहरु:

१. उद्योग दर्ता, नवीकरण सहितको अध्यावधिक भएको प्रमाण-पत्रको प्रतिलिपी,

२. स्थायी लेखा नम्बर (PAN/VAT) र आ.व. २०७९/०८० को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी,

३. उद्योगीको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी,

४. उद्योगको उद्देश्यसँग तादाम्यता हुने गरी तालिम लिएको भएमा तालिमको प्रमाण-पत्रको प्रतिलिपी,

५. सम्बन्धित वडाका सिफारिस पत्र,

६. लक्षित वर्ग, समुदाय, समुह प्रमाणित हुने कागजात वा प्रमाण-पत्रको प्रतिलिपी,

७. विगत ३ (तीन) आ.व. मा कुनै पनि सरकारी निकायबाट अनुदानमा प्रविधि प्राप्त नगरेको स्वःघोषणा पत्र,

८. अनुमति लिनु पर्ने उद्योगहरुले लिएको सम्बन्धित निकायको अनुमति पत्रको प्रतिलिपी,

९. उद्योगको लागि माग गरेको प्रविधिको नाम, स्पेसिफिकेशन र मूल्य खुलेको कोटेशन ।

नोटः

१. निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस्तो सार्वजनिक विदा पछि कार्यालय खुलेको पहिलो दिन अन्तिम दिन मानिने।

२. सम्पर्क फोन नं. ०३७-५२०१०६ वा कार्यालयको फेसबुक घरेलु कार्यालय, ओखलढुंगामा हेर्न सकिन्छ।

प्रमुख उद्योग अधिकृत